प्रजातन्त्रका आधारभूत पक्षहरू
- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन १७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 29 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८१


## आन्दोलनरत कर्मचारी र व्यवस्थापन पक्षबीच वार्ता शुरू

प्रस, परवानीपुर, १६ फागुन/

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालले बुधवार आन्दोलनरत कर्मचारीसँग वार्ता शुरू गरेको छ । नौजना कर्मचारीलाई नयाँ व्यवस्थापनले तीन दिनअघि निष्कासित गरेको विरोधमा ओपिडी सेवा बन्द गरी कलेजका सवा दुई सय जति कर्मचारी हडतालमा उत्रिएका थिए ।

आन्दोलनको तेस्रो दिन आज कलेज व्यवस्थापन पक्ष वार्ताको लागि तयार भएको हो । कर्मचारीहरूले १४ वटा माग राख्दै बिहान ९ देखि साँझ ५ बजेसम्म ओपिडी बन्द गरेर कलेजमा धर्नामा बस्दै आएका थिए । निष्कासित नौजना कर्मचारीको पुनर्बहाली, कर्मचारीलाई स्थायी गर्नुपर्ने, श्रम ऐन अनुसार सेवा सुविधा उपलब्ध हुनुपर्ने, कर्मचारीको बीमा गरिनुपर्ने, आवासको व्यवस्था मिलाउनुपर्नेलगायत माग पूरा गर्नुपर्ने अडानका साथ फागुन १४ गतेदेखि दैनिक आठ घण्टा धर्ना दिंदै आएका छन् ।


धर्नामा बसेका नेशनल मेडिकल कलेजका कर्मचारीहरू । तस्वीरः प्रतीक

आजको वार्ता सकारात्मक रहेको र भोलि बिहीवार निर्णायक वार्ता हुने नयाँ प्रबन्ध निर्देशक डा शाहनवाज अन्सारीले बताए । वार्ताको क्रममा उनले दैनिक एक हजारभन्दा बढी बिरामी सेवा लिन आउने र अस्पतालजस्तो संवेदनशील ठाउँमा हडताल नगर्न आग्रह गरेका थिए। उनले समस्याको समाधान वार्ताबाट गर्न सकिने भन्दै बन्द ओपिडी सेवा सञ्चालनमा ल्याउन पनि आग्रह गरे ।

## ९४ महिलासहित १९० जनाद्वारा रक्तदान



प्रस, वीरगंज, १६ फागुन/

परमेश्वरको मण्डली विश्व सुसमाचार समाजले बुधवार आयोजना गरेको रक्तदान कार्यक्रममा ९४ महिला र ९६ पुरुष गरी १९० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

वीरगंज महानगरपालिका–१५ ब्रह्मचोकमा निस्तार चाडको प्रेम, जीवन बचाउने प्रेम १२७८औं विश्वव्यापी रक्तदान अभियान अन्तर्गत आज भएको रक्तदान कार्यक्रमको उद्घाटन नगरप्रमुख राजेशमान सिंहले गरेका थिए ।

कार्यक्रममा प्रमिला गुप्ता, कमला विक, रीता मगर, अस्मिता मगर, सङ्गीता बसेल, रोशन पासवान, विष्णु न्यौपाने, विश्व परियार, लक्ष्मी पुलामी, पूजा राई, आशा गुरुङ, विनीता तामाङ, सुवास चौधरी, मिलन चौलागाईं, कृष्ण हुमागाईं, सुलभ घिमिरे, राधिका लामा, गोपिनी बर्तौला, सुस्मिता लामा, सुनीता सुनार, गायत्री सार्की, बाली श्रेष्ठ, आश्मा मगर र सन्दीप दासलगायतले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

## भत्ता र खाजाको लागि तालीम नलिनुस् –उपप्रमुख ठाकुर

प्रस, पोखरिया, १६ फागुन/

पोखरिया नगरपालिकाको सहयोगमा ग्रामीण सीप तथा परामर्श केन्द्रद्वारा आयोजित दलित महिलाहरूलाई सरसफाइसम्बन्धी पाँच दिने तालीम बुधवार पोखरियामा समपन्न भएको छ।

कार्यक्रमकी प्रमुख अतिथि उपप्रमुख रूबी ठाकुरले पछिल्ला समयमा भत्ता र खाजाका लागि मात्र तालीम लिने प्रवृत्ति बढेको भन्दै चिन्ता व्यक्त गरिन्। उनले नपाले तालीम निश्चित उद्देश्यप्राप्तिका लागि आयोजना गर्दै आएको तर तालीमको प्रतिफल कम देखा परेको बताइन्। उनले भत्ता लिन र खाजाका लागि तालीममा सहभागिता बढेकोले तालीम लिएका व्यक्तिहरूबाट प्रतिफल नआएको बताइन् । उनले सरसफाइ तालीम लिएकाहरूलाई आफ्नो घर, छिमेक र वडामा सरसफाइ कसरी गरिन्छ भन्ने सन्देश प्रवाह गर्न सुझाइन्।




पोखरिया नपाले मात्र सफाइ गरेर सम्भव नभएकोले यसमा समुदायको संलग्नताका लागि तालीम आयोजना गरिएको बताइन्। उनले सरसफाइ नहुँदा रोगको शिकार हुने र सम्पत्ति खर्च गर्नुपर्ने जस्ता समस्याहरूबाट छुटकारा पाउनका लागि पनि सरसफाइ आवश्यक भएको जिकिर गरिन् । पोखरिया नपामा बसोबास गर्ने दलितहरूमा सरसफाइसम्बन्धी समस्या विकराल रहेको भन्दै उनले सोही समुदायका महिलाहरूलाई लक्षित गरेर पाँच दिने सरसफाइबारेमा प्रशिक्षण दिएको र यसको प्रतिफल राम्रो आउनेमा आफू आशावादी रहेको बताइन्।

प्रधानाध्यापक शङ्करप्रसाद रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा नन्दलाल पटेल, रामदयाल पटेल, रमेश पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए भने सहजीकरण भगवान साहले गरेका थिए । सहभागीहरूलाई प्रशिक्षकद्वय रामबाबू चौधरी र दामोदर यादवले सरसफाइ, सर्ने/नसर्ने रोग, महीनावारी, पोषणलगायतका बारे प्रशिक्षण दिएका थिए ।

## सशस्त्र प्रहरी दिवसमा जग्गादाताहरू सम्मानित

प्रताप श्रेष्ठ, ठोरी, १६ फागुन/

ठोरी गाउँपालिका–३ स्थित सशस्त्र प्रहरी बल ब्रह्मनगर पोस्ट स्थापनाका लागि जग्गा प्रदान गर्ने जग्गादाताहरूलाई बुधवार कार्यक्रम आयोजना गरी सम्मान गरिएको छ ।



सशस्त्र प्रहरी दिवसको अवसर पारेर ब्रह्मनगरमा आज सशस्त्र प्रहरीले जग्गादाताहरू मानकुमारी श्रेष्ठ र मानबहादुर श्रेष्ठलाई पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले सम्मान गरे । श्रेष्ठद्वय नातामा दिदीभाइ हुन् । उनीहरूले सशस्त्रको बिओपी भवन निर्माणको लागि हुलाकी सडकनजीक पर्ने आआफ्नो नाममा रहेको एक/एक कट्ठा गरी दुई कट्ठा घडेरी जग्गा दान गरेका थिए। दुई कट्ठा जग्गामा थप १० कट्ठा सार्वजनिक जग्गासमेत प्रयोग गरेर बिओपी ब्रह्मनगर स्थापना गरिएको छ।

कार्यक्रममा मुख्य अतिथि प्रजिअ भुसालले जग्गादाताद्वयलाई सम्मान गर्दै सीमारक्षाको सवालमा ठोरीवासीले देखाउँदै आएको साहसको प्रशंसा गरे । उनले मुलुकको रक्षा एवं समाजमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न नागरिक र प्रहरी एकअर्काका परिपूरक हुन् भन्दै कुनै पनि समस्या आएमा स्थानीयस्तरको भावना र आवश्यकतालाई मध्यनजर गरी राष्ट्रहित अनुकूल हुनेगरी समाधान गर्न स्थानीय प्रहरी र नागरिकलाई आग्रह गरे ।

ब्रह्मनगरका सशस्त्र प्रहरी निरीक्षक सुशील पन्तले सहजीकरण गरेको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्य, वडाध्यक्ष शम्भु खड्का, पूर्ववडाध्यक्ष सूर्यबहादुर लामालगायतको सहभागिता थियो ।

## कौडिहार र लौकहा बालविवाहमुक्त गाउँ घोषित

प्रस, वीरगंज, १६ फागुन/

भारत, बिहार, जिल्ला पूर्वी चम्पारण, रक्सौल प्रखण्डको धनगढवा कौडिहार पञ्चायतका दुई गाउँ कौडिहार र लौकहालाई पूर्ण बालविवाहमुक्त घोषित गरिएको छ ।

रक्सौल प्रखण्डको धनगढवा कौडिहार पञ्चायतकी मुखिया तबसुम आराले कौडिहार र लौकहा गाउँ बालविवाहमुक्त घोषित गरेकी हुन् ।

सो अवसरमा मुखिया आराले बिहार सरकारले प्राथमिकतामा राखेका सात योजनामध्ये बालविवाहमुक्त समाज एक भएको र विगत एक वर्षको प्रयासमा दुईवटा गाउँलाई पहिलोचोटि बालविवाहमुक्त घोषणा गर्न सफल भएको बताइन् । उनले सामाजिक कुरीतिमा पर्ने बालविवाह अन्त्यका लागि समाज अग्रसर भएको खण्डमा प्रभावकारी परिणाम आउने दाबी गरिन् ।

मानव तस्करी रोधी एकाइ क्षेत्र मुख्यालयका इन्स्पेक्टर मनोजकुमार शर्माले बालविवाह सामाजिक कुरीति भएको र यसले बालबालिकाको शिक्षा, स्वास्थ्य र जीवनशैलीमा नकारात्मक असर पार्दै आएको बताए ।




प्रयास जुवेनाइल एड सेन्टर पूर्वी चम्पारणको 'एक्सिस टु जस्टिस' कार्यक्रम अन्तर्गत विगत दुई वर्षदेखि नोबेल शान्ति पुरस्कार विजेता कैलाश सत्यार्थीको आह्वानमा बालविवाहमुक्त भारत अभियान बिहारमा सञ्चालित छ।

प्रयास जुवेनाइल एड सेन्टर पूर्वी चम्पारणकी जिल्ला संयोजक आरती कुमारीको अध्यक्षतामा भएको कार्यक्रममा मुखियाका पति नायाब आलम, सरपञ्च अतिउल्लाह आलम, उपमुखिया बिजली राउत, वडासदस्यहरू विनोद यादव, चन्द्रावती देवी, मानव तस्करी रोधी एकाइ क्षेत्र मुख्यालय एसएसबी बेतिया वाहिनी रक्सौलका अरविन्द द्विवेदी, अमृता कुमारी, टिनु कुमारीलगायतको सहभागिता थियो ।

**विचारसार एवं सूक्तिहरू**

**तिमीले अरुका लागि ईश्वरसँग प्रार्थना गर्ने बानी बसाल्छौ भने आफ्ना लागि प्रार्थना गर्ने आवश्यकता नै पर्दैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# गठबन्धनमा तिक्तता

**सत्तारूढ गठबन्धनका दुई प्रमुख घटक नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्रबीच अहिले फेरि मनमुटाव बढ्दै गएको छ र यसले गठबन्धनमा चिरा पर्ने र सरकार परिवर्तन हुने हल्ला शुरू भएको छ । राष्ट्रियसभा सदस्यका लागि भएको निर्वाचनमा नेकाका एक थरीले एमालेसँग अघोषित सहकार्य गरेर गठबन्धनका उम्मेदवारलाई पराजित गराइ एमाले उम्मेदवार जिताएसँगै गठबन्धनका दुई घटकबीच मनमुटाव शुरू भएको छ । अहिले सोही राष्ट्रियसभा अध्यक्षका लागि फागुन २९ गते हुने निर्वाचनमा नेका र माओवादी केन्द्रले आआफ्ना उम्मेदवार उठाउने निर्णय गरेका छन् । हालै सम्पन्न नेकाको महासमिति बैठकमा माओवादी केन्द्रको आलोचना मात्र भएन महासचिव गगन थापासमेतले १० वर्षे युद्धको औचित्य नभएको भनी पेश गरेको प्रतिवेदन सर्वसम्मतले पारित गऱ्यो । नेकाले भनेको १० वर्षे युद्ध जनयुद्ध हो । त्यसैगरी, नेकाले आगामी आमनिर्वाचन अब कसैसँग सहकार्य नगरेर एक्लै लड्ने निर्णय गरेकोमा माओवादी केन्द्र रुष्ट भएको छ । माओवादी केन्द्रले पनि हालै सम्पन्न केन्द्रीय कमिटीको बैठकमा नेकाको आलोचना गरेको छ ।**

**माओवादी केन्द्रले राष्ट्रियसभा अध्यक्षमा आफ्नो पार्टीको तर्फबाट उम्मेदवारी दिने निर्णय पनि गरेको छ । यसैगरी, नेकाबाट गगन थापासमेतको समूहबाट माओवादी केन्द्रविरुद्ध कुराहरू राख्न थालिएपछि माओवादीले त्यसको काउन्टर दिनका लागि जनार्दन शर्मालाई अघि सारेको छ र शर्माले माओवादी केन्द्र चुनावमा एक्लै जाने र अपेक्षाकृत सिट जित्ने र राष्ट्रियसभा अध्यक्षका लागि कुनै पनि अवस्थामा सहकार्य नगर्ने जस्ता अभिव्यक्ति दिएका छन् । यसअघि नेकाका महासचिव थापाले मेची–महाकाली हुलाकी सडक यात्रा गर्दा जनमतको ११ प्रतिशत मात्र मत पाएको माओवादी केन्द्रलाई समर्थन गरेर उसको नेतृत्वमा सरकारमा बस्नुपरेको र सरकारले गरेका दोष र गुणको भागीदार बन्नुपरेको भनेर आपत्ति प्रकट गरेका थिए । गठबन्धनका यी ठूला दलहरूबीचको बढ्दो आरोप–प्रत्यारोपले गठबन्धन सरकारको आयुलाई लिएर आशङ्का गरिन थालिएको छ । जबकि जानकारहरू माओवादी अध्यक्ष प्रचण्ड र नेकाका सभापति शेरबहादुर देउवाबीच प्रधानमन्त्री र राष्ट्रियसभा अध्यक्ष पदमा बार्गेनिङ भएर देउवा प्रधानमन्त्री बन्ने र माओवादी केन्द्रले राष्ट्रियसभा अध्यक्षको पद लिन सक्ने सम्भावना रहेको आकलन गरिएको छ ।**

**गठबन्धनबीच माओवादी केन्द्रले दुई वर्ष, नेकपा एसले एक वर्ष र नेकाका देउवाले दुई वर्ष प्रम भएर चलाउने भद्र सहमतिका कुराहरू पनि बाहिरिएका छन् । यसअलावा अहिले माओवादी केन्द्रले काङ्ग्रेससँग सम्बन्ध चिसिँदै गर्दा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग पनि संवाद अगाडि बढाएको र थुप्रैपटक गोप्य वार्ता भएको सञ्चारमाध्यमहरूमा समाचार आएका छन् । यसको आधिकारिक पुष्टि माओवादी केन्द्र र एमालेले भने गरिसकेका छैनन् । गठबन्धनमा २०७९ को आमनिर्वाचन लडेको माओवादी केन्द्रले प्रधानमन्त्री पदमा काङ्ग्रेसले दाबी गरेर अडिग बसेपछि गठबन्धन छाडेर एमालेसँग [redacted] प्रचण्ड प्रधानमन्त्री बनेका थिए । [redacted] लागि छोडेको माओवादी केन्द्रले [redacted] सघाउन नमान्दा सहकार्य तोडेर [redacted] भएको थियो । यस मानेमा फेरि [redacted] वा होइन भनी गाइँगुइँ शुरू भएको [redacted]**

# तीन वर्षे स्नातक र विद्यार्थीको समस्या

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**परीक्षाको विश्वसनीयता भनेको तीन वर्षे स्नातक हुन्छ भने तीन वर्षमा विद्यार्थीको हातमा प्रमाणपत्र हुनुपर्छ । शैक्षिक सत्र तीन वर्षको भन्ने तर परीक्षा समयमा नगर्ने, समयमा नतीजा प्रकाशन नगर्ने तथा तन्काउँदै धकेल्दै पाँच वर्ष पुऱ्याउने हो भने के अर्थ रह्यो ?**

स्नातक तहको वर्षमा निरन्तर परिवर्तन हुँदै आएको छ। पहिले दुई वर्षे स्नातक थियो। दुई वर्षे स्नातकलाई तीन वर्षे बनाइयो। तीन वर्षे स्नातकलाई चार वर्षे बनाइयो । अब फेरि चार वर्षे स्नातकलाई तीन वर्षे बनाउने व्यापक चर्चा छ। सामान्यतया विज्ञान, मानविकी, शिक्षा र वाणिज्य सङ्कायलाई नै चार वर्षेबाट तीन वर्षमा ल्याइने चर्चा छ । अन्य सङ्कायबारे अहिले खासै चर्चा भइरहेको छैन। कानून, कृषि, वन तथा चिकित्साजस्ता प्राविधिक क्षेत्रबारे खासै चर्चा हुनुको कारण भने यी सङ्कायहरूमा विद्यार्थी भर्ना भइरहेका छन्, छोड्ने दर निकै कम छ । स्नातक गरिसकेपछि स्नातकोत्तरको कोटा कम भए पनि स्नातक तहकै अध्ययनले रोजगार पुगिरहेको छ । अधिकांश सङ्कायको विद्यार्थी उत्तीर्ण गरेर विदेशमा पनि राम्रै गरिरहेका छन्। उच्च शिक्षा अध्ययनमा गएका विद्यार्थीहरूले राम्रै नतीजा ल्याइरहेको र नेपालको पढाइको पनि राम्रै गुणस्तर रहेको पाइएको हुनुपर्छ वा सामान्यरूपमा विज्ञान, मानविकी, शिक्षा र वाणिज्य तथा कतिपय अवस्थामा कानूनलाई पनि तीन वर्षे बनाउँदा यसको प्रभाव अन्य प्राविधिक क्षेत्रमा पनि पर्ने हुन सक्छ। यो पनि दीर्घकालीन योजनामा रहेको हुनुपर्छ ।

अहिले शिक्षा क्षेत्रमा ज्यादै बहसको विषय बनेको त्रिभुवन विश्वविद्यालयले स्नातक तहलाई तीन वर्षे बनाउन लागेको समाचार नै रहेको छ। पहिले तीन वर्षे स्नातकलाई किन चार वर्षे बनाइयो ? त्यति बेला चर्चामा थियो कि तीन वर्षे स्नातकले कुनै पनि विषयमा पूर्ण ज्ञान पुगिरहेको छैन। तीन वर्षको ज्ञान अपूरो भइरहेको छ। चार वर्षे स्नातक सबैतिर चलेको छ । विदेशमा पनि चार वर्षे स्नातक नै रहेको छ । नेपालबाट तीन वर्षे स्नातक तह पार गरेर जाँदा अन्यत्र मान्यता पाइरहेको छैन रे ! स्नातक तहमा हुने विषयको पठनपाठन तथा पूर्णाङ्क अन्य विश्वविद्यालयसँग मिलाउन अनिवार्य हुन आएको छ रे ! चार वर्षे स्नातक भएपछि विश्व बजारमा नेपाली स्नातक बिक्ने हुन्छन्, प्रतिस्पर्धी हुन्छन्, उच्च गुणस्तरका हुन्छन् । नेपाली स्नातक सबैतिर सक्षम हुन सक्छन् । कुनै एक विषयमा उच्च मध्यमस्तरको गुणस्तरीय जनशक्ति तयार हुन्छ र अर्को विषयमा पनि जानकार बन्न पुग्छन् । चार वर्षे स्नातकले विद्यार्थीको वा परीक्षार्थीको परिपक्वताको सङ्केत गर्छ । सोझै विद्यालयबाट विश्वविद्यालयमा पुगेका विद्यार्थीमा त्यो तहको गुणवत्ता अर्थात् म्याचुरिटी आउन स्नातक चार वर्षे हुनु जरूरी छ । तीन वर्षे स्नातक हुँदा क्याम्पस, अध्यापक तथा विषयवस्तुलाई राम्ररी चिन्न नपाउँदै स्नातकोत्तर तहमा पुग्दछन् । स्नातकोत्तर तहको लागि स्नातक तह तयारी पनि हुने भएकोले यो अति जरूरी छ। यस प्रकारका आदि इत्यादि तर्क त्यति बेला दिइएको थियो जब स्नातक तहलाई तीन वर्षेबाट चार वर्षे बनाइएको थियो।

किन गरिँदै छ त स्नातक फेरि तीन वर्षे ? चार वर्षे स्नातकमा पहिले गुणैगुण देखिएको थियो तर केही वर्षमैं अवगुण फेला पर्न थाल्यो ? सबैभन्दा ठूलो कुरा त जति विद्यार्थी पहिलो वर्षमा भर्ना हुन्छन्, त्यति चौथो वर्षसम्म परीक्षामा सहभागी हुँदैनन् । पहिलो वर्षबाटै विद्यार्थी घट्न शुरू हुन्छ र अन्तिम वर्षसम्म पुग्दा करीब आधा हुन जान्छ । बीचमैं पढाइ छाड्नेहरूको अनेक तर्कमध्ये पढाइमैं उमेर बित्ने भयो, बरु पढ्न छाडेर केही गर्नुपर्छ र केही गर्नका लागि पढाइ छाड्नुपर्छ। अनि विश्लेषण हुन्छ, अधिकृतभन्दा सुब्बा र खरिदारमा उम्मेदवार बढी हुने मुख्य कारण यही लामो कोर्स हुनु नै हो। यदि स्नातक तीन वर्षको हुने हो भने खरिदार र सुब्बाको तयारी गर्नेहरूमध्ये अधिकांश अधिकृतको तयारी गर्न थाल्छन् किनभने लगातार तीन वर्षमा स्नातक उत्तीर्ण गरी अधिकृतस्तरको जागिर तयारी गर्ने योग्यता र दक्षता हुन्छ। विद्यार्थी पहिलो वर्षमा भर्ना भएपछि तेस्रो वर्षसम्म पढिरहन्छन् । देशमा स्नातक सङ्ख्या वृद्धि हुन्छ। स्नातकको गुणस्तरमा पनि वृद्धि हुन्छ। जब धेरै विद्यार्थी पढ्छन् तब प्रतिस्पर्धा बढ्छ र राज्यले पनि गुणस्तरीय स्नातक पाउँछ । अहिले स्नातकोत्तर तहमा विद्यार्थीको जुन अभाव देखिएको छ, त्यो भइरहँदैन । स्नातक पढेपछि स्नातकोत्तर पढ्नेको सङ्ख्यामा पनि वृद्धि हुन्छ । विश्वविद्यालयमा पठनपाठनको माहोल बन्दछ, प्राज्ञिक थलोको रूपमा विकास भएर आउने छन् क्याम्पसहरू ।

वास्तवमा किन घटे त क्याम्पसमा विद्यार्थी ? चार वर्षे स्नातक लामो अवधिको हुन गयो भन्ने होइन । यसै कारणले विद्यार्थी घटेका होइनन्। अन्य कारणहरू पनि छन् । चार वर्ष पढेर विद्यार्थीले के गर्ने ? वास्तवमा रोजगारको अभाव भएको हो। कोरोनाको समयदेखि रोजगारको क्षेत्र साँघुरिएको छ । रोजगारको क्षेत्र साँघुरो हुँदा त्यसको असर शिक्षामा पनि परेको हो। गाउँमा गरीबी बढेको हो। गरीबी बढ्दा सोझै रोजगारतर्फ आकर्षित हुन्छन्। प्राविधिक पढेर तुरुन्त जागीर पाउने वा अन्यत्र काम पाउने प्रवृत्ति पनि केही हदसम्म देखिएको हो । अनि त्रिविको कमजोरी भनेको न परीक्षाको ठेगान, न रिजल्टकै। चार वर्षे स्नातक भनिए पनि समयमा परीक्षा र रिजल्ट नहुँदा पाँच वर्ष वा छ वर्षसम्म लाग्ने गरेको छ । चार वर्षमैं परीक्षा सकिएर नतीजा हातमा आए त हुन्थ्यो, तर त्रिविले नसकेको हो वा के हो ? कोही विदेशमा स्नातक पढेर यहाँ आउँदा सहपाठीलाई स्नातकोत्तरमैं पाउँछन्। अनि पढाइको मोह कम हुने नै भयो ।

अहिले स्नातकलाई तीन वर्षे गऱ्यो र यसैगरी परीक्षा तथा नतिजा प्रणाली हुने हो भने खासै परिवर्तन नआउन सक्छ। तीन वर्षको तह पार गर्दा यदि पाँच वर्ष बित्छ भने तीन वर्षे स्नातकको पनि हविगत उही हुन्छ। तर विचारणीय पक्ष के छ भने स्नातक तहमा पढ्दापढ्दै विद्यार्थीले बीचमैं पढाइ छोड्नु तथा बाऱ्ह कक्षा उत्तीर्ण गरेका सबै स्नातक तहमा भर्ना नहुनुमा वैदेशिक अध्ययन तथा वैदेशिक रोजगार पनि प्रमुख कारण हो। अहिले कक्षा बाऱ्ह पढेर विदेश जाने सोच सामान्य बनेको छ । अभिभावक होस् कि विद्यार्थी, जसरी हुन्छ स्नातक पढ्न विदेश नै जानुपर्छ भन्ने सोच विकसित भएको छ। अनि देशको ठूलो रकम शिक्षाको नाममा विदेश पलायन भइरहेको छ । विदेशमा रोजगारको अवसर पनि हुने र काम गर्न पाउँदा राम्रो आम्दानी हुने पलायनवादी सोच पनि रहेको छ । अनि पढ्दापढ्दै धेरै विद्यार्थी यस्ता छन् जो कुनै न कुनै रोजगार, खेती वा श्रम गर्न विदेशी बजार पुग्छन् । स्नातक जति वर्षको भए पनि यस्तालाई मतलब हुँदैन। यति बेलासम्म काँधमा जिम्मेवारी पनि आउँछ, जसलाई पूरा नगरी हुँदैन । तराई–मधेसको सवालमा छात्राहरूको सन्दर्भमा विवाह भएर जाँदा पढाइ रोक्नु–छोड्नु वा निरन्तरता दिन नसक्नुलाई पनि अस्वाभाविक मान्न सकिँदैन। अर्को पनि पक्ष रहेको छ, स्नातक गर्नासाथ कुनै यस्तो क्षेत्र छैन कि उसले सहुलियतपूर्ण ऋण पाओस् वा प्रमाणपत्र बन्धकी राखेर रोजगारको कुनै तालीममा सहभागी हुन पाओस् ।

अहिलेको अवस्थामा विदेश पलायन र बेरोजगारी मुख्य समस्या हो। विदेश पलायन रोक्ने हो भने देशमा रोजगार सिर्जना अनिवार्य छ । यदि बेरोजगारी समस्या समाधान गर्ने हो भने सबैतिरबाट सोचेजस्तो परिणाम आउन सक्छ । बेरोजगारी जटिल समस्या हो । गरीबी पनि उस्तै जटिल समस्या हो । गरीबी, बेरोजगारी र विदेश पलायनजस्ता समस्याको समाधानको लागि त्रिविले आफ्नो गुणस्तरमा सुधार गर्नुपर्छ । परीक्षाको विश्वसनीयता बढाउनुपर्छ । परीक्षाको विश्वसनीयता भनेको तीन वर्षे स्नातक हुन्छ भने तीन वर्षमा विद्यार्थीको हातमा प्रमाणपत्र हुनुपर्छ । शैक्षिक सत्र तीन वर्षको भन्ने तर परीक्षा समयमा नगर्ने, समयमा नतीजा प्रकाशन नगर्ने तथा तन्काउँदै धकेल्दै पाँच वर्ष पुऱ्याउने हो भने के अर्थ रह्यो ? अध्यापनको पनि अनुगमन हुनुपर्छ जसले गर्दा क्याम्पसहरूले लापरवाही नगरून् । परीक्षाको लागि पर्याप्त तयारी गर्ने अवसर पाउनको लागि समयबद्ध क्यालेन्डरको पूर्णतया परिपालन गर्नैपर्छ।

# विद्युत् प्राधिकरणले छ महीनामा कमायो रु १५ अर्ब ३६ करोड

काठमाडौं, १६ फागुन/रासस

सार्वजनिक संस्थानमध्ये सबल र सक्षम बन्दै गएको नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्षको पहिलो छ महीनामा रु १५ अर्ब ३६ करोड बराबर नाफा कमाएको छ।

प्राधिकरणको चालू आवको छ महीनाको वित्तीय विवरण (अपरिष्कृत) अनुसार यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानीबाट कुल रु ६७ अर्ब २८ करोड ७७ लाख आम्दानी गरेको हो।

विद्युत् खरीद, प्रशासनिक, आयोजनालगायतमा जम्मा रु ५१ अर्ब ९२ करोड ७१ लाख खर्च भएको छ । प्राधिकरणको मुख्य आम्दानी र खर्च क्रमशः विद्युत् बिक्री र खरीद तथा आयोजनामा हुने गरेको छ।

प्राधिकरणले समीक्षा अवधिमा रु १५ अर्ब ३६ करोड छ लाख नाफा (करकट्टी गर्नुअघि) आर्जन गरेको छ । गत आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा प्राधिकरणको नाफा रु १० अर्ब ९१ करोड ६० लाख थियो। गत आवको पहिलो छ महीनाको तुलनामा प्राधिकरणको नाफा चालू आवको सोही अवधिमा रु चार अर्ब ४४ करोड ४६ लाखले बढी हो। गत आवको नाफा रु १२ अर्ब ३३ करोड थियो । आव २०७२/७३ मा रु आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षबाट निरन्तर नाफामा छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् चुहावट नियन्त्रण, आन्तरिकरूपमा तथा भारततर्फको विद्युत् निर्यात बढ्दा आम्दानीमा वृद्धि भएको भन्दै खर्च नियन्त्रणलगायतले गर्दा चालू आवको पहिलो छ महीनामा उल्लेख्य नाफा कमाउन सफल भएको बताए।

"बजेट सीमितताका कारण सरकारबाट लगानीका लागि पर्याप्त रकम पाउन सकिरहेका छैनौं । यस्तो जटिल अवस्थामा संस्थाले कमाएको नाफाबाट विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरण, विद्युतीकरणतर्फका आयोजनामा हरेक वर्ष अर्बौं रुपैयाँ लगानी गरिरहेका छौं," कार्यकारी निर्देशक घिसिङले भने।

विद्युत्मा आत्मनिर्भर बन्न, आन्तरिकरूपमा खपत बढाउन र उपभोक्तालाई गुणस्तरीय र भरपर्दो विद्युत् उपलब्ध गराउन उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनामा आगामी वर्षमा रु १२ खर्बभन्दा बढीको लगानी आवश्यक पर्ने भन्दै नगद प्रवाहका लागि संस्थाको नाफाले नपुग्ने प्राधिकरणको बुझाइ छ।

प्राधिकरणले चालू आवको छ महीनामा विद्युत् बिक्रीबाट रु ४५ अर्ब ४९ करोड ३८ लाख सङ्कलन गरेको छ। यस अवधिमा देशभित्रका ऊर्जा उत्पादकबाट र भारतबाट आयात गरी रु ३० अर्ब ४८ करोड ५८ लाखको विद्युत् खरीद गरिएको छ। प्राधिकरणका सहायक तथा सम्बद्ध कम्पनीबाट रु २८ अर्ब ४९ करोड ९६ लाख र भारतबाट रु एक अर्ब ९८ करोड ६२ लाखको विद्युत् आयात गरिएको हो।

समीक्षा अवधिमा सरकारमार्फत विनियोजन गरिएको वैदेशिकतर्फ रु नौ अर्ब तीन करोड ८४ लाख खर्च भएको छ। १३ अर्बको विद्युत् निर्यात, दुई अर्बको आयात गरिएको जनाइएको छ। विद्युत् प्राधिकरणको चालू आवको पहिलो छ महीनामा रु १३ अर्ब ३८ करोड ५६ लाखको विद्युत् भारततर्फ निर्यात गरेको छ । सोही अवधिमा रु एक अर्ब ९८ करोड ६२ लाखको विद्युत् आयात गरिएको छ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले आइएक्सको डे–अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगमलाई बिक्री गरिरहेको छ। एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ।

समीक्षा अवधिमा रु एक अर्ब ४७ करोड ६४ लाख युनिट विद्युत् निर्यात गरिएको छ। सुक्खायाम शुरू भएसँगै नदी तथा खोलानालामा पानीको बहाव घटेर जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटेपछि अहिले देशभित्रको आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात भइरहेको छ । समीक्षा अवधिमा २२ करोड पाँच लाख युनिट विद्युत् आयात गरिएको छ । वर्षायाम शुरू भएसँगै फेरि विद्युत् निर्यात शुरू हुने कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# मिटरब्याज र सहकारीपीडितका समस्या समाधानमा सरकार गम्भीर छ –प्रधानमन्त्री

काठमाडौं, १६ फागुन/रासस
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मिटर ब्याज (अनुचित लेनदेन) सहकारी, लघुवित्त पीडितका समस्या समाधान गर्न सरकार गम्भीरतापूर्वक लागिरहेको बताएका छन्।

राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बुधवारको बैठकमा प्रधानमन्त्री प्रचण्डले सरकार पीडितप्रति गम्भीर भएकोले उच्चस्तरीय आयोग गठनका साथै ऐन निर्माण गरेर समाधानमा पहल गरिरहेको बताए। उनले यसै सन्दर्भमा केही मुद्दा अदालतले फुकाइदिनुपर्ने खालका भएकाले सरकारले अदालतलाई त्यसको संवेदनशीलतालाई ध्यान दिएर सहजीकरण गरिदिन आग्रह गर्ने बताए।

प्रधानमन्त्री प्रचण्डले भने, "समस्या सरकारका कारणले नभई कानूनीरूपमा आएको छ। यो समस्याको समाधानका लागि अदालती प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। पुराना कागज र तमसुकका आधारमा भएका कारोबारमा कानून पीडककै पक्षमा हुन सक्ने भएकाले यसको प्रकृति अनुसार सरकार र अदालतले मिलेर समाधान गर्नुपर्नेछ।"

ती क्षेत्रका पीडितहरूले विभिन्न चरणका आन्दोलन गर्दै आएका छन्। प्रधानमन्त्री प्रचण्डले ती विषयमा आजै सम्बन्धित निकाय र पक्षसँग वार्ता भएको पनि जानकारी दिए।

समितिका सदस्यहरूको जिज्ञासाको जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले काठमाडौं–तराई/मधेस द्रुतमार्ग निर्माणको शुरू बिन्दुको जग्गा विवादमा सहमति नभए विकल्प खोजर निर्णय गर्ने, सुनकोशी मरिन डाइभर्सनको निर्माण अघि बढाइने, गोर्खा भर्तीमा रहेका नेपालीको समस्या समाधानका लागि पहल गर्ने, रुसका सेनामा अवैध बाटोबाट गएका नेपालीलाई चाँडो उद्धार गर्ने, निजामती कर्मचारी विधेयक पेश गर्नेलगायत विषयमा सरकारले योजना बनाएर काम गरिरहेको जानकारी गराएका थिए।


राष्ट्रियसभा अन्तर्गत राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा बुधवार सहभागी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायत। तस्बिरः रत्न श्रेष्ठ/रासस

प्रधानमन्त्री प्रचण्डले समितिका निर्देशनहरू प्राथमिकतामा राखी आगामी १६औं योजना, सरकारका नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बोधन गर्न सम्बन्धित निकायमा निर्देशन दिएको पनि अवगत गराए। उनले संसद्मा बजेटको अभावमा काम हुन नसक्ने स्थितिको अन्त्यका लागि पनि अर्थ मन्त्रालयलाई अवगत गराइएको बताउँदै आगामी दिनमा त्यस्तो अवस्था हुन नदिने बताए।

बैठकमा समितिका सभापति दिलकुमारी रावल (पार्वती)ले समितिले राष्ट्रिय सरोकारका क्षेत्रमा दिएका निर्देशनहरू, तीन तहका सरकारबीचको समन्वय, राष्ट्रिय सम्पदा, मानव अधिकार, परराष्ट्र, पिछडिएका क्षेत्र, समुदाय, राष्ट्रिय गौरवका आयोजना, संस्कृति, राष्ट्रिय सुरक्षा र संवैधानिक अयोगलगायत विषयमा दिइएका निर्देशनबारे स्मरण गराएकी थिइन्।

# बन्द भए विद्यालय, भारत जान्छन् विद्यार्थी

इलाम, १६ फागुन/रासस
सन्दकपुर गाउँपालिका–५ कालपोखरीकी ६८ वर्षीया नीम लमु नातिनी पढाउन भारत जाने तरखरमा छिन्। "भारतको मानेभञ्ज्याङमा रहेको रिब्स स्कूलमा नातिनी पढाउन त्यहाँ नजीकै कोठा खोजिसकेको छु, चैत पहिलो साता यहाँबाट जान्छु," उनले भनिन्।

विद्यार्थी अभावमा सामुदायिक विद्यालयहरू बन्द भएपछि इलामका भारतीय सीमावर्ती गाउँका बालबालिका भारतीय विद्यालयमा पढ्न जाने गरेका छन्। भारतसँग सीमा जोडिएको उत्तरी इलामका लेकाली गाउँमा विद्यालय नभएका कारण त्यहाँका बालबालिका भारतीय विद्यालयमा पढ्न जानुपर्ने बाध्यता छ।

पातलो बस्ती र जनघनत्व पनि कम भएको लेकाली क्षेत्र जौबारी, मेघ्मा, कालपोखरीलगायत ठाउँमा केही वर्षयता विद्यालय नै बन्द भएपछि बालबालिकालाई प्राथमिक तहबाट पढाउन भारतीय क्षेत्रमा अभिभावक गएर बस्नुपर्ने बाध्यता भएको जौबारीका सोनाम शेर्पाले बताए।

जौबारीको राष्ट्रिय प्राथमिक विद्यालय बन्द भएको आठ वर्ष भयो। कक्षा १ देखि ५ सम्म पढाइ हुँदै आएको उक्त विद्यालय विद्यार्थी अभावका नाममा २०७२ सालमा बन्द भएको थियो। " सीमा क्षेत्रका धेरै बालबालिकालाई भारतीय विद्यालयमा पढ्न पठाउन थालेपछि यहाँका विद्यालयमा विद्यार्थी अभाव भयो, उक्त विद्यालयमा ८० जनासम्म बालबालिका अध्ययन गर्न आउने गर्थे। त्यसपछि उक्त विद्यालय स्थापनाको कुनै पहल भएको छैन," उनले भने।

अहिले यस क्षेत्रबाट मात्रै करीब १५ जना बालबालिका मानेभञ्ज्याङको रिब्स विद्यालयमा पढ्छन्। महिनाको भारु १५ देखि १८ हजार खर्च हुने गरेको मानेभञ्ज्याङमा कोठा लिएर नानी पढाउन बसेको डोमा शेर्पाले बताइन्। डोमाले भनिन्, "आफ्नै देशमा बच्चा पढाउन पाएको भए सहज हुन्थ्यो, विद्यालय छैन, कामकुरो सबै बर्बाद भएको छ।"

जौबारीको मात्रै होइन, माइजोगमाई–२ को मेग्मामा रहेको सरस्वती प्राथमिक विद्यालय, सन्दकपुर–५ कालपोखरीमा रहेको प्राथमिक विद्यालय, सन्दकपुर–५ को मजुवामा रहेको अर्को प्राथमिक विद्यालय बन्द भइसकेको राष्ट्रिय प्रावि जौबारीका पूर्वप्रधानाध्यापक पासाङछिरिङ शेर्पाले जानकारी दिएका छन्। जसका कारण उक्त क्षेत्रका नानीबाबुलाई अध्ययनका लागि नजीकैका भारतीय बजार लैजानुपरेको उनले जानकारी दिए।

लेकाली क्षेत्रमा विद्यालय नहुँदा जौबारी, तुम्लिङ, मेग्मा, आलेभञ्ज्याङ, नूनथला, इड्ला, गैरीबासलगायतका सबै बालबालिका भारतीय विद्यालय लैजानुपरेको छ। सीमा क्षेत्रका कतिपय बालबालिका घरबाटै धाएर विद्यालय जाने गरेका छन्। कतिपयको भने पढ्नका लागि महँगो शुल्क र अभिभावकसहित भारतीय बजारमा बास हुने गरेको छ। यहाँ लेकाली क्षेत्र भएका कारण पातलो बस्ती र जनघनत्व पनि कम छ। इलामको जौबारी, मेग्मा, कालपोखरीलगायत धेरै स्थानका सामुदायिक विद्यालय विद्यार्थी अभावमा बन्द भइसकेका छन्।

भारतीय विद्यालयमा आफ्ना नानीबाबु भर्ना गरेपछि नेपालतर्फका विद्यालय विद्यार्थी अभावकै कारण बन्द भएको जौबारीका थुक्तेन लामाले जानकारी दिए। सीमा क्षेत्रका नेपाली विद्यार्थी भारतको मानेभञ्ज्याङमा रहेको रिब्स स्कूलमा पढ्न जाने गरेको लामाले जानकारी दिए। लामाले भने, "नेपालतर्फ विद्यालय छैन, नानीहरूलाई जति महँगो भएपनि पढाउनु त पर्छ नि, यो सीमावासीको रहरभन्दा पनि बाध्यता हो।"

यसरी विद्यार्थी भारत लैजाँदा पैसा त खर्च हुन्छ नै नेपालको राष्ट्रियता, स्वाभिमानजस्ता विषयसमेत नेपाली बालबालिकाले थाहा नपाउने गरेको शेर्पाको भनाइ छ। बन्द भएका विद्यालय जीर्ण बनिसकेका छन्। जौबारीको राष्ट्रिय प्राविमा भने केही समयअघि सशस्त्र प्रहरी बसेको थियो। उक्त विद्यालयमा बसेरै सशस्त्रले विद्यालय नजीकै आफ्नो भवन निर्माण गरेको छ। सीमा क्षेत्रमा विद्यालय सञ्चालन गर्न हालसम्म सरोकारवाला निकायले चासो देखाएका छैनन्।


**तालीम गर्दै सेना :** काभ्रेपलाञ्चोकको पाँचखालमा रहेको नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालीम केन्द्रमा 'शान्ति प्रयास ४' तालीम अन्तर्गत बुधवार तालीम गर्दै शान्ति सेनामा जाने विभिन्न देशका सेना। तस्बिरः हरिराम भेट्वाल/रासस

# भित्तेपात्रो प्रकाशकलाई पञ्चाङ्ग निर्णायक समितिले मुहूर्त र साइत दिने

काठमाडौं, १६ फागुन/रासस
नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले विसं २०८१ का लागि भित्तेपात्रोको स्वीकृति लिने प्रकाशकलाई नेपाल सरकारले निर्णय गरेको सार्वजनिक बिदा, वर्षभरिका चाडपर्वको सूची, विभिन्न साइत एवं मुहूर्तको सूची दिने भएको छ।

समितिले यसअघि २०७९ र २०८० सालका भित्तेपात्रो प्रकाशकले खोजे मात्र सार्वजनिक बिदा एवं साइत दिने गरेको थियो। यस वर्षदेखि भने सबैलाई अनिवार्यरूपमा स्वीकृति लिने क्रममै यस्तो विवरण दिने व्यवस्था गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए। भित्तेपात्रोको स्वीकृति दिँदा समितिले तोकेबमोजिम शुल्क पनि लिने गरेको छ।

समितिले विसं २०८१ का भित्तपात्रो स्वीकृति दिन शुरू गरेको जानकारी पनि उनले गराए। स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोलाई सरकारले अनुगमन गरी कारबाही गर्ने जनाइएको छ। समितिले देशभरबाट प्रकाशन हुने भित्तेपात्रोले अनलाइनबाटै निवेदन दिई शुल्क तिरेर स्वीकृति लिन सक्ने गरी व्यवस्था गरेको छ। अनलाइनबाट स्वीकृति लिनेले अनलाइनबाटै सरकारी बिदा, चाडपर्वको सूची र साइत पाउने व्यवस्था मिलाइएको छ।



मन्त्रिपरिषद्ले २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गरेको थियो। गठन आदेश २०७८ साउनमा नेपाल राजपत्रमा प्रकाशित भएपछि समितिले २०७९ सालदेखि भित्तेपात्रोमा एकरूपता होस् भनी स्वीकृति दिन थालेको हो। समितिको स्वीकृति नलिई प्रकाशन भएका भित्तेपात्रो अनुगमन गरी कारबाही गर्ने गरिएको छ।

समितिले भित्तेपात्रोलाई स्वीकृति दिएर विसं २०७९ मा रु २० लाख र विसं २०८० मा रु २२ लाख राजस्व उठाएको थियो। स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोको अनुगमन गर्न ७७ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा समिति गठन गर्न गृह मन्त्रालयले निर्देशन दिएको समितिले जनाएको छ। स्वीकृति नलिई प्रकाशन हुनेलाई जिल्ला प्रशासन कार्यालयले कारबाहीको दायरामा ल्याउन लागेको हो।

# थालेसिमियाका बिरामीलाई दिवाकालीन सेवा

चितवन, १६ फागुन/रासस
भरतपुर अस्पतालले थालेसिमियाका बिरामीलाई दिवाकालीन सेवा (डेकेयर) सेन्टर सञ्चालन गरेको छ। बच्चा वार्डबाटै दिँदै आएको सेवालाई छुट्टै सेन्टर खोलेर सेवा दिन थालेको हो। यससँगै बिरामीलाई सेवा लिन सहज भएको छ।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा श्रीराम तिवारीका अनुसार तीन शय्याको डेकेयर सञ्चालन गरिएको छ। बच्चा वार्डमा थालेसिमियाका बिरामीलाई असहज भएको गुनासो आएपछि छुट्टै सेन्टर खोलेको उनले बताए।

नवलपुरकी देवी दराईले छुट्टै डेकेयर शुरू भएपछि सेवा लिन सहज भएको बताइन्। उनले भनिन्, "पहिले बच्चा वार्डमा जाँदा कहिले यता जानु कहिले उता जानु भन्नुहुन्थ्यो अहिले सीधै यहाँ आए हुन्छ।" उनले बिरामी धेरै भएकाले शय्या सङ्ख्या थपेमा थप प्रभावकारी हुने सुझाव दिइन्। थालेसिमियाका बिरामीका लागि आवश्यक औषधि काठमाडौंमा मात्र पाइने समस्या पनि रहेको उनले बताइन्। उनले भनिन्, "अस्पतालले पहल गरेर यहीं औषधि उपलब्ध भए काठमाडौं गइरहनुपर्ने झन्झट हुने थिएन।"

अस्पतालबाट नियमित ५४ जनाले सेवा लिइरहेका छन्। अस्पतालको बालरोग विभागका प्रमुख डा नारायणबहादुर थापाले थालेसिमियाका बिरामीलाई समयसमयमा रगत चढाउनुपर्ने भएपछि गत पुस २४ गतेदेखि सेन्टरबाट सेवा दिन थालिएको बताए। थालेसिमिया आणुवंशिक अर्थात् वंशाणुगतरूपमा सर्ने रोग रहेको भन्दै उनले भने, "यो रोगका कारण शरीरमा हेमोग्लोबिन (रातो रक्तकोशिका) निर्माण हुन समस्या हुन्छ।" निर्माण भएको कोशिका पनि लामो समय रहन नसक्ने हुँदा बिरामीलाई बारम्बार रगत चढाउनुपर्ने डा थापाको भनाइ छ।

यस्ता बिरामीलाई रगतमा आइरन घटाउने औषधि दिनुपर्ने हुन्छ, जुन औषधि काठमाडौंमा मात्रै उपलब्ध छ। नेपालमा दर्ता नभएकाले त्यो औषधि नियमितरूपमा नपाइएको डा थापाले जानकारी दिए। डा थापाका अनुसार भरतपुर अस्पतालमा एक सयजना थालेसिमियाका बिरामी दर्ता भएका छन्।

# गोदाममा छापामारी, भन्सार छलीका सामान बरामद

प्रस, वीरगंज, १६ फागुन/
सशस्त्र प्रहरीले वीरगंज महानगरपालिका–५ कुम्हालटोलस्थित एउटा गोदाममा छापा मारी भन्सार छलीका करीब साढे चार लाख मूल्य बराबरको किराना सामान बरामद गरेको छ।



कुम्हालटोलको एक तले घरमा भन्सार छलीका सामान भण्डार गरिएको सूचनाको आधारमा सशस्त्र प्रहरीको श्रीसिया र सीमा सुरक्षा गुल्म तथा वीरगंज भन्सार कार्यालयका प्रतिनिधिको रोहबरमा छापा मारिएको थियो। छापामारीको क्रममा सो गोदामबाट भन्सार छलीका चकलेट, गुटखा, रेपरलगायतका सामानहरू बरामद भएको र आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालय चलान गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

# कर्णालीको स्वास्थ्य क्षेत्रको विकास र चुनौती

विचार



डा सुधा शर्मा

**थुप्रै चुनौती हुँदाहुँदै पनि कर्णाली प्रदेश प्रगति उन्मुख छ। यहाँको युवा साक्षरता दर ८२ प्रतिशत (राष्ट्रिय ८५ प्रतिशत), अपेक्षित आयु ६७ वर्ष (राष्ट्रिय ६९.७), मानव विकास सूचकाङ्क ०.४२७ (राष्ट्रिय ०.५७४) छ। कर्णालीमा स्वास्थ्य संस्थाहरूको सङ्ख्या ४३३ रहेका छन्, २७४ बर्थिङ सेन्टर रहेका छन्।**

नेपालका १७ प्रतिशत जनसङ्ख्याको बासस्थान रहेको कर्णाली प्रदेश प्रकृतिको अनुपम उपहार मानिन्छ। विकट भूगोल, छरिएर रहेको बस्ती, कम जनघनत्वका कारण यहाँ सेवाप्रवाह गर्न भने निकै चुनौतीपूर्ण रहेको छ। सिञ्जा सभ्यताको उद्गमस्थल, परापूर्वकालको समृद्ध कर्णाली बिस्तारै पछाडि पर्दै गएको छ। थुप्रै सम्भावना बोकेको कर्णालीको स्वास्थ्य क्षेत्र किन पछि परिरहेछ, कसरी यसको अवस्था उकास्न सकिन्छ भन्ने बारेमा नै यहाँ चर्चा गर्न खोजिएको छ। पछि पर्दापर्दै पनि कर्णालीले स्वास्थ्य क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ। बाल मृत्युदर, मातृ मृत्युदर, रक्तअल्पताको परिमाण आदिलाई स्वास्थ्य स्थितिमा विगतका तीन दशकको तथ्याङ्कलाई हेर्दा यस्तो प्रगति देखिन्छ।

विसं २०५३ ताका यो भेगमा जन्मेका हजार बालबालिकामध्ये करीब ६५ जनाको एक महीनाभित्रै मृत्यु हुन्थ्यो, ११९ जनाको एक वर्षभित्रै, अनि पाँच वर्ष पुग्दा नपुग्दै १७८ जनाको मृत्यु भइसक्थ्यो। यसको एक दशकपछि २०६३ ताका नवजात शिशु मृत्युदर सुधार हुँदै ६५ बाट ४५ मा झर्‍यो, एक वर्षभित्र हुने मृत्यु ११९ बाट ८५ जति भयो, अनि पाँच वर्ष पुग्दा नपुग्दै हुने मृत्यु १७८ बाट घटेर १११ जति भयो। यसको करीब १५ वर्षपछि बाल स्वास्थ्य अवस्थामा थप सुधार हुँदै गएको देखिन्छ। तैपनि यो प्रदेशको बाल मृत्युदर राष्ट्रिय औसतभन्दा बढी नै छ। दुई वर्षअगाडिको प्रतिवेदन अनुसार यो प्रदेशको नवजात शिशु मृत्युदर हजारमा २६ छ (राष्ट्रिय औसत २२), एक वर्षभित्र हुने मृत्यु हजारमा ३६ (राष्ट्रिय औसत २८), पाँच वर्षभित्र हुने मृत्यु हजारमा ४६ (राष्ट्रिय औसत ३३) रहेको छ। अनि निरक्षर आमाका पाँच वर्षमुनिका हजार बालबालिकामध्ये ५० जनाको मृत्यु हुँदा माध्यमिक तहसम्म पढेका आमाको पाँच वर्षमुनिका हजार बालबालिकामध्ये छजनाको मात्रै मृत्यु हुँदोरहेछ। कति फरक, महिला शिक्षाले कति राम्रो प्रभाव पार्ने रहेछ।

कर्णालीमैं बालविवाह गर्ने र माध्यमिक शिक्षा नलिने जनसङ्ख्या पनि ठूलै छ। राष्ट्रिय जनगणना अनुसार एक वर्षमा प्रजनन उमेरका (१५–४९ वर्ष) महिलाको १२ हजार ९७६ मृत्युमध्ये ६५३ मातृमृत्यु थिए। नेपालमा औसतमा प्रतिलाख जीवित जन्ममा १५१ आमाले ज्यान गुमाउँछन् तर कर्णालीमा प्रतिलाख जीवित जन्ममा १७२ जना आमाको मृत्यु हुन्छ। दिगो विकास लक्ष्य हासिल गर्न सन् २०३० सम्ममा प्रतिलाख जीवित जन्ममा मातृमृत्यु ७० सम्म झार्ने नेपालको लक्ष्य छ।

थुप्रै चुनौती हुँदाहुँदै पनि कर्णाली प्रदेश प्रगति उन्मुख छ। यहाँको युवा साक्षरता दर ८२ प्रतिशत (राष्ट्रिय ८५ प्रतिशत), अपेक्षित आयु ६७ वर्ष (राष्ट्रिय ६९.७), मानव विकास सूचकाङ्क ०.४२७ (राष्ट्रिय ०.५७४) छ। कर्णालीमा स्वास्थ्य संस्थाहरूको सङ्ख्या ४३३ रहेका छन्, २७४ बर्थिङ सेन्टर रहेका छन्। साथै, प्रदेश अस्पताल, मेडिकल कलेज, आयुर्वेद अस्पतालसमेत रहेको यो प्रदेशमा सङ्ख्याको हिसाबले स्वास्थ्य संस्थाको उपलब्धता राम्रै छ। नेपालको औसत हेर्ने हो भने ४९ प्रतिशत जनसङ्ख्या ३० मिनेटभित्र स्वास्थ्य संस्थामा पुग्न सक्ने अवस्था छ तर यहाँका २३.६ प्रतिशत जनसङ्ख्या मात्रै आधा घण्टाभित्र स्वास्थ्य संस्थामा पुग्न सक्छन्। कतिपय ठाउँमा बजार र अस्पताल जोड्ने पुल नबन्नाले दुई मिनेटमा पुग्न सकिने अस्पताल पुग्नै आधा घण्टा लाग्छ। निकट विगतका वर्षहरूमा सुस्तरी विकासको पथमा लम्किँदै गर्दा र आफ्नै विगतसँग तुलना गरेर हेर्दा यहाँको प्रगति राम्रो नै छ तर राष्ट्रिय औसतसँग तुलना गर्दा यो प्रदेश धेरै पछि परेको देखिन्छ।

नेपालमा भएका मातृमृत्युमध्ये ३३ प्रतिशत गर्भावस्थामा, छ प्रतिशत सुत्केरी हुँदा र ६१ प्रतिशत सुत्केरी भइसकेपछि हुन्छ। यहाँ ४० प्रतिशत महिला र बालबालिकामा रक्तअल्पता छ। गर्भवती अवस्थामा न्यूनतम चारपटक गर्भजाँच गर्नुपर्छ, स्वास्थ्य संस्थामा सुत्केरी गराउनुपर्छ, यो कुरामा केही प्रगति भएको छ तर सुत्केरीको हरेचाहमा धेरै कमी कमजोरी रहेकाले यहाँ सुत्केरी भएको ४५ दिनभित्र धेरै आमाको मृत्यु हुन्छ। गर्भावस्थादेखि नै रगत कम भएको महिलाको सुत्केरी हुँदा कम रगत बगे पनि उनको अवस्था नाजुक हुन सक्छ, अनि खानेकुराहरू बार्ने पुराना कुरीतिहरूले उनको कमजोरी बढ्छ, कतिपय अवस्थामा विभिन्न सङ्क्रमणले पनि ज्यान लिन्छ।




नेपालमा विद्यमान पितृसत्ताले महिलाको जीवनलाई मूल्यवान् ठान्दैन। भ्रूण अवस्थादेखि नै छोरीमाथि विभेद हुन्छ, केही छोरीलाई जन्मिन नै दिइँदैन। नेपालका १२ जिल्लामा एक सयजना छोरी जन्मँदा ११० भन्दा बढी छोरा जन्मिन्छन्, जबकि नेपालमा कानूनीरूपमा भ्रूणको लिङ्ग हेरेर गर्भपतन गराउन पाइँदैन। बहुसङ्ख्यक परिवारमा महिलाले आफ्नो जीवन बारम्बार जोखिममा पारेर छोरा नपाएसम्म सन्तान जन्माइरहनुपर्ने बाध्यता छ। सामान्यतया छोरालाई राम्रो खाना, शिक्षा, खेलकूद गर्न छुट, औषधिमूलो दिन सक्ने बाआमाले छोरीलाई घरको काम, भाइबहिनी हेर्ने, गाईवस्तु हेर्ने काम लगाउँछन्, पराइ धन ठानेर उसमाथि लगानी गर्न चाहँदैनन्, छाउगोठमा उसको मृत्यु हुँदा दैवको लीला ठान्छन्, अनि यस्तो कुरीति यद्यपि कायमै छ।

पोषणको स्थिति विश्लेषण गर्दा बागमती प्रदेशमा पाँच वर्षमुनिका १८ प्रतिशत बालबालिका पुड्का छन् भने कर्णालीमा तीन गुणा बढी, ३६ प्रतिशत छन्। दाउरामा खाना बनाउने, धुम्रपान गर्ने, वातावरणीय प्रदूषण आदि कारणले दमलगायत फोक्सोका रोग धेरै रहेका छन्। परिवार नियोजनका साधनको प्रयोग हतपत नगर्ने, सरसफाइको कमी, दूषित पानी आदिले पनि स्वास्थ्य चुनौती थपेका छन्। महिलामा पुरुषको तुलनामा स्वास्थ्य समस्या बढी नै हुन्छन्। यीमध्ये अनिच्छित गर्भ, यौनरोग, आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, महीनावारीसम्बन्धी जटिलता, रजोनिवृत्तिका असर आदि मुख्य रहेका छन्। यी थुप्रै स्वास्थ्य समस्या जनचेतना र जीवनशैली परिवर्तनका माध्यमबाट रोकथाम गर्न सकिने किसिमका हुन्छन्। यसका लागि समुदायको सहभागिता आवश्यक हुन्छ।

करीब ८०–९० प्रतिशत रोग तल्लो तहका स्वास्थ्य संस्थाबाट उपचार गरेमा निको हुने खालका हुन्छन्। सामान्यतया १०–२० प्रतिशत रोगलाई मात्र उच्च तहको विशेषज्ञ सेवा चाहिन्छ। सेवाको उपलब्धता, पहुँच र गुणस्तर सुनिश्चित गर्न विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य प्रणालीलाई वित्तीय व्यवस्थापन, जनशक्ति, सूचना प्रविधि, सुशासन, सेवाप्रवाह र समुदायको सहभागिताको आवश्यकता पर्छ। हाल नेपालको स्वास्थ्य क्षेत्रमा भएको कुल लगानीमध्ये ५० प्रतिशतभन्दा बढी व्यक्ति स्वयंले बेहोर्नुपर्छ। यसले गर्दा विपन्न वर्ग ठूलो मर्कामा छन्। कर्णाली प्रदेशमा मात्रै पनि परिवारको कुल आम्दानीको १३ प्रतिशतभन्दा बढी खर्च अपर्झट आइपर्ने स्वास्थ्य समस्याका लागि प्रयोग हुने रहेछ।

**समाधानका उपाय**

मातृमृत्युका प्रमुख कारणहरूमा स्वास्थ्य जाँच सेवा लिने निर्णय गर्न ढिलाइ, निर्णय गरे तापनि स्वास्थ्य संस्थामा पुग्न ढिलाइ र स्वास्थ्य संस्थामा पुगे पनि समयमा उपचार नपाउँदा जटिलता आउने गरेको छ। परिवारले गर्भवतीले स्वास्थ्य सेवा पाउनै पर्छ भन्ने सोच राखेर आर्थिक व्यवस्थापनलगायत पूर्वतयारी गरिराखेमा सेवा लिने निर्णय गर्न ढिलाइ हुँदैन, महिला समयमैं स्वास्थ्य संस्था पुग्छिन्, अनि आमा र बच्चा दुवैको ज्यान बचाउन सजिलो हुन्छ। साथै सुत्केरीको हेरचाहमा विशेष ध्यान पुर्‍याएर मातृ–नवजात शिशुको स्वास्थ्य सामान्य राखी मृत्यु हुनबाट बचाउन सकिन्छ। प्रदेशमा रहेका हजारौं महिला स्वास्थ्य स्वयंसेविका, सयौं गैरसरकारी सङ्घसंस्था र वडावडामा रहेका जनप्रतिनिधिका सञ्जालमार्फत व्यापकरूपमा स्वास्थ्य चेतना जगाउने, छोरा र छोरीलाई समान व्यवहार गर्ने, बालविवाह निरुत्साहित गर्ने, महिला शिक्षा र स्वरोजगार, रक्तअल्पतामुक्त बालबालिका र महिला, स्वस्थ जीवनशैली र खानपान आदिबारे जागरण अभियान चलाएर कर्णालीलाई रोगमुक्त बनाउन सकिन्छ।

त्यस्तै, स्वस्थ रहनु आफ्नो जम्मेवारी भन्ने बुझी सबैले सरसफाइ, पोषण र महिलाको प्रजनन स्वास्थ्यप्रति विशेष चनाखो रही स्वच्छ जीवनशैली अपनाउन जरुरी हुन्छ। जीवनशैलीमा आधारित रोग पुरुष र महिला दुवैलाई लाग्न सक्ने हुनाले शारीरिक श्रम गर्ने, दुव्यर्सनमुक्त रहने, तनावमुक्त रहने, सकारात्मक सोच राख्ने, सन्तुलित खाना खाने र समयसमयमा चिकित्सकसँग परामर्श र आवश्यक परीक्षण गराइ रोग लाग्नै नदिने र लागि हालेमा पनि छिटो निदान र उपचार लिनेतर्फ जागरूक गराउन आवश्यक छ।

सेवाप्रवाहको प्रक्रियाबारे सम्पूर्ण जनतालाई सुसूचित गर्नुपर्ने देखिन्छ। नेपाल सरकारले सम्पूर्ण जनताका लागि व्यवस्था गरेको आधारभूत सेवा घरनजीकैको स्वास्थ्य संस्थाबाट लिने हो, त्यो निश्शुल्क पाउनुपर्छ। त्योभन्दा माथिको सेवा चाहिने रहेछ भने तल्लो तहको स्वास्थ्य संस्थाले सिफारिश गरी पठाएमा मात्र माथिल्लो संस्थामा जाने हो। यसो गर्दा माथिल्लो स्वास्थ्य संस्थामा अनावश्यक चाप कम भई बीमालगायत कार्यक्रममार्फत जनताले सहजरूपमा सेवा लिन सक्नेछन्। बर्थिङ सेन्टरले मात्रै जटिलताको व्यवस्था गर्न नसक्ने हुँदा स्थानीय र प्रदेश सरकारको सहकार्यमा जटिल सुत्केरी समस्याको उपचार गर्ने व्यवस्था गर्दै समुदायलाई पायक पर्ने हिसाबले निजी र सरकारी अस्पतालको प्रेषण सञ्जाल बनाउनुपर्छ। सञ्जाल अस्पतालसम्म पुग्न आवश्यक एम्बुलेन्स, सञ्चार सुविधा, आर्थिक स्रोतको सुनिश्चित गरिनुपर्छ।

यसैगरी, स्वास्थ्य संस्थामा दक्ष सेवाप्रदायक, औषधि, उपकरणहरूको कमी रहेकाले तिनको पूर्ति गरिनुपर्छ। मेडिकल कलेज, प्रदेश अस्पताल, जिल्ला अस्पताल, स्थानीय स्वास्थ्य संस्थाहरू विभिन्न तहका सरकार अन्तर्गत सञ्चालन हुने हुँदा यी सबै तहका सरकारबीच राम्रो सहकार्य हुनु जरुरी छ। त्यसो भएमा प्रदेशभरि छरिएर रहेका जनशक्तिलगायत अन्य स्रोतको उचित प्रयोग गराएर तिनबाट प्रदेशका सबै जनताले उचित प्रतिफल प्राप्त गर्न सक्नेछन्। यस्ता पूर्वाधारहरूको विकास हुन सकेमा आमा र नवजात शिशुको स्वास्थ्य स्थितिमा उल्लेख्य सुधार आउने निश्चित छ। (लेखक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकी पूर्वसचिव तथा प्रसूति तथा स्त्रीरोग विशेषज्ञ हुन्। रासस)

# झिनो अङ्कले घट्यो नेप्से परिसूचक

काठमाडौं, १६ फागुन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। बुधवार नेप्से परिसूचक शून्य दशमलव ८७ अङ्कले घटेर दुई हजार दशमलव ७७ को बिन्दुमा कायम भएको हो।

३०८ कम्पनीका ५१ लाख १५ हजार ६५८ कित्ता शेयर ४१ हजार ६७९ पटक खरीद–बिक्री हुँदा रु दुई अर्ब तीन करोड ८१ लाख ९७७ बराबरको कारोबार भएको छ। आजको कारोबारमा ७१ कम्पनीका शेयर मूल्य बढेका छन् भने १७० कम्पनीका शेयर मूल्य घटेका छन्।

सात कम्पनीका शेयर मूल्य स्थिर देखिएका छन्। विशालबजार कम्पनी लिमिटेड, बोटलर्स नेपाल (बालाजु लिमिटेड) र बोटलर्स नेपाल (तराई) लिमिटेडका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।


सबैभन्दा धेरै गुमाउनेमा भने सामलिङ पावर कम्पनी लिमिटेडका शेयरधनीले छ दशमलव ६६ प्रतिशतका दरले गुमाएका छन्। कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु १२ करोड ६९ लाख ६५ हजार बराबरको दुई लाख ७७ हजार २२० कित्ता शेयर किनबेच भएका छन्।




## फरक समाचार

# मस्तिष्कघातका सात चेतावनी सङ्केत

मस्तिष्क आक्रमणलाई स्ट्रोक भनिन्छ। मस्तिष्कमा उचित रगत आपूर्ति हुन नसक्दा यसका रक्तनलीहरू फुट्छन्, जसका कारण अक्सिजन राम्ररी पुग्न नसक्दा मस्तिष्कले काम गर्न छाड्छ।



यस्तो बेला तत्काल उपचार नपाए ज्यानसमेत जान सक्छ। यद्यपि स्ट्रोक कहिले पनि अचानक आउँदैन। स्ट्रोक आउनु अघि शरीरमा धेरै चेतावनी सङ्केत देखा पर्न थाल्छन्। एक अध्ययनले पत्ता लगाएको छ कि स्ट्रोक झेलिसकेका ४३ प्रतिशत मानिसहरूले स्ट्रोक हुनुभन्दा एक हप्ताअगाडि यसका सङ्केतहरू महसूस गरेका थिए। यस्तो अवस्थामा हामीले स्ट्रोक आउनुअगाडिका यी चेतावनी सङ्केतहरूबारे जान्नै पर्छ।

**१. हात र खुट्टामा कमजोरी**

स्ट्रोक हुनुभन्दा एक हप्ताअगाडि हात र खुट्टामा कमजोरी महसूस हुन सक्छ। हात र खुट्टामा नरमपन पनि महसूस गर्न सकिन्छ। यस्ता लक्षण देखिएमा लापरवाही गर्नुको साटो चिकित्सकसँग परामर्श गरी उपचार गराउनुपर्छ।

**२. कमजोर स्मृति**

मस्तिष्कघात हुनुअघि स्मरणशक्ति पनि प्रभावित हुन थाल्छ। यस्तो अवस्थामा कुनै कुरा याद गर्न नसक्नु वा कुनै कुरामा ध्यान केन्द्रित गर्न नसक्नु जस्ता समस्याहरू देखिने गर्छन्। यस्तो अवस्थामा पनि होशियार हुनुपर्छ।

**३. चक्कर आउनु**

स्ट्रोक हुनुभन्दा सात दिनअगाडि चक्कर लाग्ने जस्ता समस्या पनि आउन सक्छ। यदि कुनै कारणविना अचानक बारम्बार चक्कर आइरहेको छ भने सचेत हुनुपर्छ र तुरुन्तै चिकित्सककहाँ जानुपर्छ।

**४. धमिलो दृष्टि**

जहिले पनि स्ट्रोक हुन्छ, त्यसको करीब एक हप्ताअघि बिरामीको अचानक दृष्टि कम वा धमिलो हुन थाल्छ। त्यसैले यस्ता लक्षणहरूलाई बेवास्ता गर्नुहुँदैन।

**५. भ्रम**

भ्रम जस्तै लक्षण मस्तिष्कघात हुनु एक हप्ताअघि देखिन सक्छ। यस्तो अवस्थामा कुनै पनि कुरा बुझ्न गाह्रो हुन्छ। बोल्न अप्ठ्यारो महसूस हुन्छ। यस्ता कुरामा ध्यान दिनुपर्छ र तुरुन्तै उपचार गराउनुपर्छ।

**६. स्पष्ट बोल्न नसक्ने**

स्पष्टरूपमा बोल्न नसक्ने समस्या स्ट्रोक हुनुभन्दा लगभग सात दिनअघि हुन सक्छ। यस्तो अवस्थामा स्पष्ट बोल्न निकै गाह्रो हुन्छ। यस्ता लक्षण देखिएमा तुरुन्तै चिकित्सकसँग परामर्श लिनुपर्छ।

**७. शरीरको सन्तुलन गुमाउनु**

स्ट्रोक हुनुभन्दा करीब एक हप्ताअगाडि शरीरको सन्तुलन बिग्रन सक्छ। शरीरको सन्तुलन कायम राख्न समस्या हुन सक्छ। हिंड्डुल गर्न पनि समस्या हुन सक्छ। यस्तो अवस्थामा बिरामी र परिवारका सदस्यले सजगता अपनाउनुपर्छ र चिकित्सकसँग परामर्श गरी उपचार गराउनुपर्छ।

# पिसाबको पहेंलो रङ कुन रोगको सङ्केत हो ?

पिसाबको रङ्गले स्वास्थ्यसँग सम्बन्धित धेरै रहस्य प्रकट गर्छ। पिसाबको रङ्ग परिवर्तन हुनु पनि रोगको लक्षण हुन सक्छ र यसप्रति मानिसले लापरवाही गर्नुहुँदैन। गर्मीको समयमा मानिसहरूलाई अक्सर पहेंलो पिसाब आउन थाल्छ, तर यदि कोही मानिस हरेक मौसममा यो समस्याको सामना गरिरहेका छन् भने सावधानी अपनाउनुपर्छ।

डिहाइड्रेशन, जन्डिसलगायतका धेरै समस्याका कारण पिसाबको रङ्ग पहेंलो हुन्छ र जति धेरै पानी पिए पनि रङ पहेंलो नै रहन्छ। तर धेरैलाई अन्य कारणले पनि यो समस्या हुन सक्छ, जसलाई अनुसन्धानपछि पत्ता लगाउन सकिन्छ।



युरोलोजिस्टहरूका अनुसार पिसाबको रङ्ग पहेंलो हुनु सामान्य समस्या हो र धेरैजसो मानिसहरू यसको सामना गर्छन्। यीमध्ये धेरै मानिस निको हुन्छन्, जबकि केही मानिसहरूमा यो कुनै रोगको सङ्केत हुन सक्छ।

नयाँ दिल्लीस्थित सर गङ्गाराम अस्पतालका वरिष्ठ युरोलोजिस्ट डा अमरेन्द्र पाठकका अनुसार सामान्यतया पर्याप्त मात्रामा पानी नपिउनाले मानिसको पिसाबको रङ पहेंलो हुने गर्छ। डिहाइड्रेशनका कारण यस्तो समस्या हुन्छ। धेरै पानी पिउनाले पिसाबको रङ्ग सामान्य हुन थाल्छ। यो खतराको सङ्केत होइन। कहिलेकाहीं औषधि सेवन गर्दा पिसाबको रङ्ग पहेंलो हुन्छ तर केही समयपछि सामान्य हुन्छ।

विज्ञहरूका अनुसार धेरै पानी पिए पनि पिसाबको रङ्ग लामो समयसम्म गाढा पहेंलो रह्यो भने यो जन्डिसको लक्षण हुन सक्छ। मिर्गौला वा कलेजोमा कुनै समस्या आएमा पिसाबको रङ्ग पहेंलो हुन सक्छ। यस्ता व्यक्तिले तुरुन्तै चिकित्सकसँग परामर्श लिनुपर्छ र जाँच गराउनुपर्छ। पिसाबसम्बन्धी अन्य समस्याका कारण पिसाबको रङ्ग परिवर्तन हुन सक्छ। चेकजाँचपछि मात्रै यकीन कारण खुल्न सक्छ।

चिकित्सकका अनुसार कहिलेकाहीं पिसाबको रङ्ग रातो हुने, जुन गम्भीर स्वास्थ्य समस्याको सङ्केत हुन सक्छ। यदि कुनै व्यक्तिले रातो रङ्गको पिसाबको अनुभव गरिरहेको छ भने, उसले तुरुन्तै चिकित्सकसँग परामर्श लिनुपर्छ र परीक्षण गराउनुपर्छ। धेरैपटक मानिसको पिसाबमा रगत आउन थाल्छ र यसैको कारणले रङ्ग रातो हुन्छ। यदि पिसाबको रङ्ग रातो छ भने, यो मिर्गौलामा पत्थरी, मूत्रमार्गमा पत्थरी र मूत्राशयको क्यान्सरको सङ्केत हुन सक्छ। जब यो हुन्छ, लापरवाह हुनुहुँदैन। रातो वा अन्य कुनै पनि रङ्गको पिसाब देखा परेमा पनि विशेषज्ञसँग परामर्श गर्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# गाजामा मृत्यु हुने प्यालेस्टाइनीको सङ्ख्या ३० हजारनजीक



इजरायली आक्रमणमा तहसनहस गाजापट्टी । तस्वीरः एजेन्सी

गाजा, १६ फागुन/सिन्हवा

इजरायली सेनाको आक्रमणबाट गत २४ घण्टामा ७६ जनाको हत्या भएसँगै गाजापट्टीमा मृत्यु हुने प्यालेस्टाइनीको सङ्ख्या २९ हजार ९५४ पुगेको हमासको स्वास्थ्य मन्त्रालयले बुधवार जनाएको छ । मन्त्रालयका अनुसार आक्रमणबाट ११० जना घाइते भएका छन् । इजरायल–हमास द्वन्द्व शुरू भएदेखि हालसम्म प्यालेस्टिनी घाइतेहरूको कुल सङ्ख्या ७० हजार ३२५ पुगेको छ । केही पीडितहरू अझै भग्नावशेषमुनि रहेको अनुमान छ ।

बुधवार इजरायली मिडिया आउटलेटले गाजापट्टीको लडाइँमा दुईजना अधिकृतको मृत्यु भएको र सातजना सैनिक घाइते भएको बताएको छ । यससँगै मृत्यु हुने सैनिकको सङ्ख्या ५८२ पुगेको छ ।

इजरायली सेनाले सुरुङहरू र हमासका अन्य पूर्वाधारहरू ध्वस्त पारेको, आतङ्कवादी कक्षहरू नष्ट गरेको र ठूलो मात्रामा हतियारहरू कब्जा गरेको बताएको छ ।

इजरायल डिफेन्स फोर्स (आइडिएफ)का प्रवक्ता ड्यानियल हगारीले गाजामा युद्धको लक्ष्य अक्टोबर ७ को आक्रमण फेरि कहिल्यै नहोस् भन्ने सुनिश्चित गर्ने रहेको र त्यसका लागि समय लाग्ने बताए । रासस

# नभाल्नीको अन्त्येष्टि शुक्रवार मस्कोमा हुने

वार्सा, १६ फागुन/एएफपी

आर्कटिक जेलमा गत हप्ता मृत्यु भएका रूसी विपक्षी नेता एलेक्सी



नभाल्नीको अन्त्येष्टि शुक्रवार मस्कोको एक चर्चमा गरिने भएको उनका राजनीतिक सहयोगीले बताएका छन् ।

नभाल्नीको मृत्यु भएको एक साताभन्दा बढी समयपछि अधिकारीहरूले गत शनिवार उनको शव उनकी आमालाई सुम्पेका थिए ।

नभाल्नीका सहयोगी समूहले सामाजिक सञ्जालमा बुधवार पोस्ट गरेको सन्देशमा भनिएको छ, "नभाल्नीको अन्त्येष्टि १ मार्चका दिन मेरिनोको 'मदर अफ गड क्वेन्च माई सोरोज' नामक चर्चमा स्थानीय समय अनुसार दिउँसो २:०० बजे गरिनेछ । सबैजना समयमैं त्यहाँ आइपुग्नुहोला ।"

उनको अन्त्येष्टि नजीकैको बोरिसोभ कब्रिस्तानमा गरिने बताइएको छ । उनको टोलीले सेवा आयोजना गर्न इच्छुक चर्च भेट्टाउन गाह्रो भएको बताएको छ ।

"हामीले मार्च १ का लागि चर्च र हल खोज्न थाल्यौं । जताततै तिनीहरूले हामीलाई केही पनि दिन अस्वीकार गरे । केही ठाउँमा हामीलाई यो निषेध गरिएको बताइयो," निर्वासित सहयोगी इवान झादानोभले पोस्ट गरेको सन्देशमा भनिएको छ ।

"हामीलाई उनीहरूको निर्देशनको कुनै मतलब हुनेछैन । नभाल्नीको अन्त्येष्टि आवश्यक छ । अन्तिम सम्मान गर्ने मौका पाउनका लागि पहिल्यै आउनु नै बेस हुन्छ," उनले सन्देशमा लेखेका छन् ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनका सबैभन्दा मुखर आलोचक नभाल्नीको गत फेब्रुअरी १६ मा उत्तरी साइबेरियाको सबैभन्दा कठिन कारागारमा निधन भएको थियो । रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | व्यापारवृद्धि | वृष | कडाश्रम |
| मिथुन | कार्यनाश | कर्कट | उदरपीडा |
| सिंह | विजय | कन्या | धनखति |
| तुला | भाग्योदय | वृश्चिक | बेचैनी |
| धनु | मनोरञ्जन | मकर | कर्मप्राप्ति |
| कुम्भ | राज्यभय | मीन | वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**आलु रोप्दै किसानः** मनाङको नासो गाउँपालिका–१ तालगाउँका किसान जग्गा भाडामा लिएर गरेको सामूहिक आलुखेतीमा आलु रोप्दै । तस्बिरः नवीन लामिछाने/रासस

# पोखरियामा वृक्षारोपण



प्रस, पोखरिया, १६ फागुन/

पोखरिया नगरपालिका–९ स्थित नेराप्रावि पटवारीटोलामा बुधवार वृक्षारोपण भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं वडाध्यक्ष नौशाद आलमले वृक्षारोपण गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए । विद्यालय परिसरमा अशोक र नरिवलका ५० वटा बिरुवा रोपिएको छ ।

कार्यक्रममा पोखरिया नगरपालिका शिक्षा शाखा प्रमुख विजयकुमार झा, सहायक प्रमुख विनोद चौहान, शिक्षक अभिभावक सङ्घका अध्यक्ष प्रभुप्रसाद यादव, विद्यालय व्यवस्थापन समितिका सदस्यद्वय शिवनाथ साह तेली र महेन्द्रसाह कानू, प्रधानाध्यापक मोजाबिल मियाँसमेत शिक्षक, विद्यार्थी, स्थानीयहरूको सहभागिता थियो ।

# दुई संस्थाविरुद्ध उजूरी

प्रस, वीरगंज, १६ फागुन/

उपभोक्ता हकहित संरक्षण मञ्च पर्साले उपभोक्ता हितविपरीत कार्य गरेको भन्दै बारा र पर्साका दुई संस्थाविरुद्ध वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजमा उजूरी दर्ता गराएको छ ।

मञ्चका अध्यक्ष सुनील श्रेष्ठले बाराको सिमरा विमानस्थलमा रहेको क्यान्टिनमा खाजा, चिया र चीसो पेय पदार्थको बिक्रीमा चर्को मूल्य लिएको भनी उजूरी गरेका छन् । सुमन नामका व्यक्तिले विमानस्थलको क्यान्टिनले चर्को मूल्य लिएको भनी सप्रमाण गुनासो गरेका र सो आधारमा क्यान्टिन सञ्चालकलाई कारबाही गर्न उजूरी दर्ता गराइएको हो ।

यसैगरी, वीरगंजको लिङ्करोड घण्टाघरमा रहेको न्यू नारायणी इन्टरप्राइजेजले अन्नपूर्ण एक्जिम प्रालिलाई खरीद गरे अनुसारको मालवस्तु नदिएपछि फिर्ता गर्न नमानेको भनी अन्नपूर्णद्वारा गरिएको उजूरीको आधारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजमा उजूरी गरेको अध्यक्ष श्रेष्ठले बताए । उनले सम्बन्धित पक्षले कसूर गरेको ठहरिए कारबाही गरिने आश्वासन पाएको बताए ।

## गाँजासहित तीनजना पक्राउ

प्रस, सिम्रौनगढ, १६ फागुन/

इलाका प्रहरी कार्यालय, सिम्रौनगढले हिजो राति साढे १० बजे सीमावर्ती क्षेत्र बारागढीबाट १५ किलो गाँजासहित तीनजना नेपालीलाई पक्राउ गरेको छ ।

प्रहरीले जनाए अनुसार सिम्रौनगढ नपा–४ गङ्गानगरस्थित बारागढीबाट भारततर्फ जाँदै गरेको ना.३८प १४११ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा सोबाट १५ किलो गाँजा बरामद भएको थियो । गाँजा बरामद भएपछि मोटरसाइकलमा सवार आदर्श कोतवाल गापा–३ बतराका २७ वर्षीय सरोजकुमार गिरी, रौतहट जिल्ला फतुवा विजयपुर नपा–३ मेवा बस्ने ५० वर्षीय रामानन्द साह र ४५ वर्षीय चुलाई महरालाई पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ ।



पर्सा जिल्लाको विन्ध्यवासिनी गापा–३ झौवामा बुधवार तीव्र गतिमा रहेको टयाक्टर अनियन्त्रित भएर रूखमा  चढेको अवस्थामा । तस्वीरः नितेश कर्ण

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१



फागुन १३ गतेदेखि सञ्चालित दादुरा–रुबेला खोप अभियान अन्तर्गत पर्सा जिल्लाका बालबालिकाहरूको उत्साहजनक उपस्थित छ। स्वास्थ्य कार्यालय पर्साको पहलमा यस अभियानमा बालबालिकाहरूको सक्रिय सहभागिता छ। तस्वीर सौजन्य: जयमोद ठाकुर

# लङ्डीका दुई नाबालिकाका लागि छ लाख सहयोग जुटयो

प्रस, परवानीपुर, १६ फागुन/

पर्सा जिल्ला धोबिनी गाउँपालिका–४ लङ्डीकी दुईजना नाबालिकाको लागि रु छ लाख छ हजार पाँच सय सहयोग राशि उठेको छ। विभिन्न सञ्चार माध्यममा समाचार प्रकाशित भएपछि नाबालिकाहरूलाई विभिन्न माध्यमबाट सहयोग रकम प्राप्त भएको हो। देश र विदेशबाट आर्थिक सहयोगका साथै लत्ताकपडा र खाद्यान्न पनि सहयोग प्राप्त भएको पत्रकार राजन बनियाँले बताए। उनले १० वर्षीया नाबालिका प्रियङ्का र सात वर्षीय मनीषा कुमारीका हजुरआमाको यही फागुन १४ गते १२ दिने काजक्रिया सम्पन्न भएको बताए। उनले दुई नाबालिकालाई गाउँमैं सहारा दिएर राख्ने गाउँलेहरूले सोच बनाएको बताए। उनले फागुन १९ गते गाउँभेला डाकिएको र सो भेलाबाट उनीहरू दुवैजनाको व्यवस्थापनबारेमा विचारविमर्श हुने बताए।



हजुरआमाको काजक्रिया गर्दै नातिनी। तस्वीर: प्रतीक

दुई नाबालिकाको जगरनाथपुर–६ सन्ठी टोलमा घर छ। बुबा गरीब भएकाले दुईजना नाबालिकाहरू आमासँगै लङ्डी मामाघरमा बस्दै आएका थिए। बुबा भारत, पञ्जाब कमाउन गएका बेला हत्या भएको र आमा नौ वर्षअघि परपुरुषसँग सम्बन्ध बनाएर गएपछि ती नाबालिकाहरू टुहुरा भएका थिए र उनीहरूका हजुरआमाले भीख मागेर भरणपोषण गर्दै आएकी थिइन्। उनै हजुरआमाको पनि फागुन २ गते मृत्यु भएपछि यी दुई नाबालिका बेसहारा भएका थिए। काजक्रिया गर्न पनि पैसा नभएको सञ्चारमाध्यममा समाचार आएपछि आर्थिक सहयोग जुटेको हो। अहिले उनीहरूको पालनपोषणमा गैरसरकारी संस्थाहरूले पनि चासो देखाएपछि सन्ठी निवासी काका श्यामबदन ठाकुरले पालनपोषण गर्ने इच्छा जाहेर गरेका छन्। यी सबै विषयमा शनिवार छलफल हुने पत्रकार बनियाँले बताए।

# अग्निपीडितलाई कपडा बैंकको सहयोग

प्रस, वीरगंज, १६ फागुन/



वीरगंज कपडा बैंकले जीराभवानी गाउँपालिका–१ चमरीटोलका आगलागीपीडितलाई सहयोग गरेको छ।

यही फागुन १३ गते आइतवार दिउँसो मुन्ना नेटुवाको घरमा लागेको आगोले घरसहित अन्न, लत्ताकपडा, भाँडाकुँडा, नगद, गरगहना जलेर नष्ट भएको थियो। वीरगंज कपडा बैंकका उपाध्यक्ष सामाजिक कार्यकर्ता प्रकाश थारूको पहलमा वीरगंज कपडा बैंकका संरक्षक अधिवक्ता सुरेन्द्रप्रसाद कुर्मी र अध्यक्ष लालबाबू सिंह घटनास्थलमा पुगेर १५ थान कम्बल, डसना र सिरक एक/एक थान, साडी, कुर्ता सुरुवाल, सल, स्वेटर, सर्ट, पाइन्ट, चिटर, बच्चाहरूका कपडा, म्याटसहित केही नगद हस्तान्तरण गरेका थिए।

संस्थाका संरक्षक अधिवक्ता कुर्मीले दीन–दुःखी र असहायको सेवा सहयोग गर्ने उद्देश्य अनुसार 'हुनेले दिनुस्, नहुनेले लिएर जानुस्' भन्ने अभियानलाई पाँच वर्षदेखि सञ्चालन गर्दै आएको बताए। उनले मासिकरूपमा वीरगंज महानगरको घण्टाघरलगायतका सार्वजनिक स्थानमा र आपत्तविपत्त परेकाहरूको घरमा पुगेर सहयोग गर्दै आएको बताए। उनले सबैखाले पीडितलाई मिलेर सहयोग गर्ने वातावरण सिर्जना भएको खण्डमा मानवता देखिने बताए।

कार्यक्रममा वडाध्यक्ष रामशरण खवास, महादेव चौधरीले आफूहरूबाट सक्दो सहयोग गरिएको जानकारी गराएका थिए।


## मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोबाइलको लत लागेका बालबालिकामा निद्रा ढिलो लाग्ने, गहिरो निद्रा नलाग्ने र पटकपटक ब्युझँने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मानसिक तथा शारीरिक विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्छ,
- उनीहरूलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,
- अभिभावकले अत्यधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्छ,

**त्यसैले अभिभावकले मोबाइलको कम प्रयोग गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## नेपाल 'वाफ च्याम्पियनशिप'को फाइनलमा

काठमाडौं, फागुन १६/रासस

साउदी अरेबियामा भएको वेस्ट एशियन फूटबल महासङ्घ (वाफ) महिला च्याम्पियनशिपमा नेपालले लेबनानलाई पराजित गर्दै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। साउदी अरेबियाको जेद्दाहस्थित किङ अब्दुल्लाह स्पोर्ट्स सिटी स्टेडियममा गएराति सम्पन्न सेमिफाइनल खेलमा नेपालले लेबनानलाई २–१ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो। नेपालले पहिलोपटक वाफ च्याम्पियनशिपमा सहभागिता जनाएको हो।



नेपालको जीतमा सावित्रा भण्डारी र प्रीति राईले समान एक/एक गोल गरे। खेलको दोस्रो हाफको अतिरिक्त समयमा प्रीतिले गोल गरेपछि नेपालको जीत सुनिश्चित भएको हो। त्यसअघि खेलको ३८औं मिनेटमा नेपालकी रक्षक पूजा रानाले आत्मघाती गोल गरेपछि नेपाल दबाबमा परेको थियो। पूजाले गोलकीपर एन्जिला तुम्बाप्पो सुब्बा अगाडि बढेको अवस्थामा दिएको ब्याकपासले जाली चुम्न पुगेको थियो।

त्यस्तै, खेलको ७५औं मिनेटमा नेपालले बराबरी गोल गऱ्यो। लेबनानको रक्षकले गरेको गलतीको फाइदा उठाउँदै सावित्राले बराबरी गोल फर्काएपछि खेल एक/एक गोलको बराबरीमा पुगेको थियो। त्यसपछि नेपालकी प्रीतिले दोस्रो हाफको अतिरिक्त समयमा एक गोल थपेपछि नेपालको फाइनल यात्रा तय भयो। यस जीतसँगै अब उपाधिका लागि नेपाल जोर्डनसँग भिड्नेछ। पहिलो सेमिफाइनल खेलमा जोर्डनले प्यालेस्टाइनलाई ५–० गोलअन्तरले हराउँदै फाइनलमा पुगेको हो। फाइनल खेल भोलि हुनेछ। यसअघि समूह 'बी' मा रहेको नेपालले सिरिया, इराक र प्यालेस्टाइनलाई पाखा लगाउँदै सेमिफाइनल यात्रा तय गरेको थियो।

**सावित्रा भण्डारीले वाफ च्याम्पियनशिपको फाइनल गुमाउने**

नेपाली महिला राष्ट्रिय फूटबल टोलीकी फरवार्ड सावित्रा भण्डारी (साम्बा)ले साउदी अरेबियामा हुने वेस्ट एशियन फूटबल महासङ्घ (वाफ) महिला च्याम्पियनशिपको फाइनल खेल गुमाउने भएकी छन्।

अखिल नेपाल फूटबल सङ्घ (एन्फा) द्वारा आज जारी विज्ञप्तिमा साम्बाले जोर्डनविरुद्धको फाइनल खेल नखेल्ने जनाइएको हो।

साम्बा फ्रान्सेली क्लब एन अभान्ट ग्वेंगाम्पमा अनुबन्धित छिन्। उक्त क्लबसँगको सम्झौता अनुसार साम्बालाई फिफा विन्डोको खेल खेल्न मात्र अनुमति रहेको छ। जस अनुसार साम्बाले फाइनल खेल खेल्न नपाउने भएकी हुन्।

यसअघि समूह चरण र सेमिफाइनलका खेल भने फिफा विन्डोमा भएका कारण उनले खेलेकी हुन्। फाइनल भने फिफा विन्डोबाहिरको खेल हो। वाफ च्याम्पियनशिपमा साम्बाले खेलेका सबै चार खेलमा नै गोल गरेकी थिइन्।

उक्त चार खेलमा उनको गोल सङ्ख्या नौ रहेको छ। साम्बा फ्रेन्च लिग खेल्न साउदी अरेबियाबाट फ्रान्स जाने एन्फाले जनाएको छ। उक्त प्रतियोगिताको फाइनल खेल भोलि हुनेछ।

## अन्तर्राष्ट्रिय टी–२० शृङ्खला : नेपाल नेदरल्यान्ड्ससँग पराजित

काठमाडौं, १६ फागुन/रासस

त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी–२० शृङ्खला अन्तर्गत बुधवार भएको खेलमा नेपाल नेदरल्यान्ड्ससँग दुई रनअन्तरले पराजित भएको छ। यससँगै नेपालको यो लगातार दोस्रो हार हो। हिजो भएको पहिलो खेलमा नेपाल नामिबियासँग २० रनले पराजित भएको थियो।

नेदरल्यान्ड्सले प्रस्तुत गरेको १८५ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १८२ रनमा समेटियो। नेपाललाई जीतका लागि अन्तिम ओभरमा १५ रन चाहिएको थियो।

नेपालका लागि उत्कृष्ट ब्याटिङ गरेका दीपेन्द्र सिंह ऐरीले पहिलो बलमा चौका र दोस्रो बलमा छक्का प्रहार गर्दै नेपाललाई जीतनजीक पुऱ्याएका थिए। खेलको तेस्रो बलमा दोस्रो रन लिने क्रममा करण केसी रन आउट भए।

चौथो बलमा ऐरी व्यक्तिगत ६३ रनमा बोल्ड आउट हुन पुगे। नेपाललाई जीतका लागि तीन बलमा चार रन चाहिएको थियो। उनी बोल्ड आउट हुन पुगे। दीपेन्द्रले ३४ बलमा छ चौका र तीन छक्का प्रहार गर्दै ६३ रन बनाए।

त्यसपछि उनको स्थानमा आएका प्रतीश जिसीले पाँचौं बलमा रन लिन सकेनन्। छैटौं बलमा उनले एक रन मात्र लिए। अन्ततः नेपाल नेदरल्यान्ड्ससँग पराजित हुन पुग्यो।

खेलमा नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले पनि अर्धशतक प्रहार गरे। उनले ३५ बलमा छ चौका र दुई छक्काको मदतमा ५० रन जोडे। आशिफ शेखले २३ बलमा चार चौका र एक छक्काको मदतमा ३४ रन जोडे। कुशल मल्ल र करण केसीले समान ११/११ रन जोडे भने सन्दीप जोराले आठ रन बनाए।

बलिङतर्फ स्याब्रान्ड एंगेलब्रेक्ट र रोलेफ भान डर मर्वेले समान दुई/दुई विकेट लिए भने आर्यन दत्त, भिभियन किंग्मा र टीम भान डर गुगटेनले समान एक/एक विकेट लिए।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १८४ रनको योगफल बनाएको थियो।

नेदरल्यान्ड्सका लागि माइकल लेभिटले सर्वाधिक ५४ रनको योगदान दिए। उनले ३६ बल खेल्दै पाँच चौका र तीन छक्काको सहयोगमा ५४ रन बनाएका थिए। त्यस्तै, स्याब्रान्ड एंगेलब्रेक्टले ३८ बल खेल्दै चार चौका र एक छक्काको मदतमा ४९ रन बनाए। स्कट एडवार्डसले १६ बल खेल्दै पाँच चौकाको मदतमा ३३ रन जोडे। तेजा निडामानिरुले ३१ रन जोड्दा म्याक्स ओडाउडले चार रन बनाए।

बलिङतर्फ नेपालका करण केसी र कुशल मल्लले समान एक/एक विकेट लिएका थिए। नेपालले यही फागुन १८ गते नामिबियासँग खेल्नेछ।

## सखुवाप्रसौनी क्रिकेट प्रतियोगिताको उपाधि कालिकामाईलाई

दिनेशकुमार मिश्र, वीरगंज, १६ फागुन/

दोस्रो सखुवाप्रसौनी क्रिकेट प्रतियोगिता–२०८० को उपाधि कालिकामाई गाउँपालिकाले जितेको छ।

बुधवार सम्पन्न प्रतियोगिताको फाइनल खेलमा छिपहरमाई गापालाई ४४ रनअन्तरले पराजित गर्दै कालिकामाईले उपाधि जितेको आयोजक सखुवाप्रसौनी युवा समाजका सचिव सरोज पटेलले बताए।




टस जितेर पहिला ब्याटिङ गरेको कालिकामाईले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १४९ रन बनाएको थियो। १५० रनको विजयी लक्ष्य पाएको छिपहरमाई २० ओभरमा नौ विकेट गुमाएर १०५ रन मात्र बनाउन सक्यो।

फाइनल खेलमा २१ बलमा २० रन बनाए र तीन ओभरमा १८ रन दिएर दुई विकेट लिएका कालिकामाईका मनु हजरा 'म्यान अफ दी म्याच' घोषित भए।

यसैगरी, फाइनल खेलसम्म १३३ रन बनाएका कालिकामाईका सन्दीप पटेल उत्कृष्ट ब्याट्सम्यान, १४ विकेट लिएका गौरीशङ्कर यादव उत्कृष्ट बलर र हरिकिशोर पटेल उत्कृष्ट फिल्डर घोषित भएका थिए। प्रतियोगिता अवधिमा १३ विकेट लिएका र १३२ रन बनाएका छिपहरमाई गापाका अजय महतो 'म्यान अफ दी सिरिज' घोषित भए।

गापाध्यक्ष यशवन्त यादवले विजयी कालिकामाईलाई रु ५१ हजार र उपविजयी छिपहरमाई गापालाई रु २५ हजार नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए। कार्यक्रममा वडाध्यक्ष मोजाबिल अन्सारी, अनिरुद्ध पटेल, सुनील पटेललगायतको सहभागिता थियो।